# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३


पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/०९/०८३/८४

मिति: २०८३/०५/२९

## सूचना

**इजाजतपत्रप्राप्त "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरु**

महाशय,

नेपाल सरकार, अर्थ मन्त्रालय (माननीय मन्त्रीस्तरीय) को मिति २०८३/०४/२२ को निर्णयानुसार सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधिको दोस्रो संशोधन स्वीकृत भएकोले उक्त संशोधनसमेत समावेश गरिएको यसैसाथ संलग्न कार्यविधि बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ।

भवदीय,

कार्यकारी निर्देशक

# सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०८२

१. प्रत्यायोजित विधायन जारी गर्ने मन्त्रालयः अर्थ मन्त्रालय

२. निर्णय गर्ने अधिकारीः मा. उपप्रधानमन्त्री तथा अर्थ मन्त्री

३. निर्णय मितिः २०८२/०४/२६

४. दर्ता नं. र मितिः १०/०८२, २०८२/०४/२८

<u>संशोधन</u>

१. सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३ (संशोधन मितिः- २०८३/३/१८, प्रत्यायोजित विधायन दर्ता नम्बर र मितिः २७/०८३, २०८३/४/१)

२. सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८३ (संशोधन मितिः- २०८३/४/२२, प्रत्यायोजित विधायन दर्ता नम्बर र मितिः ३४/०८३, २०८३/४/२८)

**प्रस्तावनाः** परम्परागत सीप र पेशाको आधुनिकीकरण एवं प्रवर्द्धन गर्दै उद्यमशीलताको विकास तथा प्राकृतिक विपद् पीडितको निजी आवास निर्माण गर्न प्रदान गरिने सहुलियतपूर्ण कर्जामा लाग्ने ब्याज, बीमाशुल्क वा सुरक्षण शुल्कमा अनुदान रकम उपलव्ध गराउन वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान सोधभर्ना खाता" भन्नाले यस कार्यविधि बमोजिम अनुदान स्वरूप प्रदान गरिने रकम निकासा गर्ने प्रयोजनको लागि अर्थ मन्त्रालयले नेपाल राष्ट्र बैङ्कमा खोलिएको खाता सम्झनु पर्छ।

(ख) “कम्पनी” भन्नाले कम्पनी ऐन, २०६३ बमोजिम स्थापित कम्पनी सम्झनु पर्छ।

(ग) “कृषि तथा पशुपन्छी कर्जा” भन्नाले कृषि तथा पशुपन्छीजन्य व्यवसायका लागि प्रवाह भएको कर्जा सम्झनु पर्छ।

(घ) “दलित समुदाय भगत सर्वजित उद्यम विकास कर्जा” भन्नाले दलित समुदायलाई एकल वा समूहमा प्रवाह गरिने कर्जा सम्झनु पर्छ।

(ङ) “निवेदक वा ऋणी” भन्नाले अनसूची-१ मा उल्लेखित व्यवसाय सञ्चालन गरिरहेका वा गर्ने व्यक्ति, समूह, संस्था वा कम्पनी सम्झनु पर्छ र सो शब्दले प्राकृतिक विपद् पीडित व्यक्ति समेतलाई जनाउँछ।

(च) “प्राकृतिक विपद्” भन्नाले, हिमपहिरो, हिमताल विस्फोटन, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, आँधी, हुरी बतास, चटयाङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो जस्ता विपद् सम्झनु पर्छ।

(छ) “बैङ्क तथा वित्तीय संस्था” भन्नाले नेपाल राष्ट्र बैङ्कबाट इजाजत पत्र प्राप्त 'क', 'ख, 'ग' र 'घ' वर्गका बैङ्क तथा वित्तीय संस्था सम्झनु पर्छ।

(ज) “मन्त्रालय” भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्छ।

(झ) “महिला उद्यमशील कर्जा” भन्नाले महिलालाई व्यक्तिगत वा सामूहिक रूपमा आफ्नो सीप र क्षमताको प्रयोग गरी उद्यमशील बन्न प्रवाह हुने कर्जा सम्झनु पर्छ।

(ञ) वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा" भन्नाले श्रम स्वीकृति प्राप्त गरी कुनै देशमा कम्तीमा छ महिना काम गरी नेपाल फर्केका युवाले विदेशमा आर्जन गरेको सीप र व्यावसायिक दक्षता उपयोग हुनेगरी व्यक्तिगत वा सामूहिकरुपमा व्यवसाय वा उद्यम सञ्चालन गर्न प्रवाह हुने कर्जा सम्झनु पर्छ।

(ट) “व्यवसाय वा उद्यम” भन्नाले यस कार्यविधिको अनुसूची-१ मा उल्लेख गरिएका व्यवसायमा श्रम तथा पूँजी लगानी गरी गरिएको कार्य सम्झनु पर्छ।

(ठ) "व्याज अनुदान" भन्नाले यस कार्यविधि बमोजिम ब्याज, बीमाशुल्क वा सुरक्षण शुल्कमा प्रदान गरिने अनुदान रकम सम्झनु पर्छ।

(ड) “समूह” भन्नाले फरक परिवारका १८ वर्ष उमेर पूरा भएका कम्तीमा पाँच जना व्यक्ति मिलेर गठन गरेको समूह सम्झनु पर्छ।

(ढ) “सहुलियतपूर्ण कर्जा” भन्नाले बैङ्क तथा वित्तीय संस्थाबाट प्रवाह भएको कर्जामा लाग्ने ब्याज, बीमाशुल्क वा सुरक्षण शुल्कमा अनुदान उपलब्ध हुने कर्जा सम्झनु पर्छ।

(ण) “सामूहिक जमानी” भन्नाले समूहको कर्जा भुक्तानीको लागि सबै सदस्यले दिने संयुक्त जमानी सम्झनु पर्छ।

(त) “संस्था” भन्नाले प्रचलित कानून बमोजिम स्थापित फर्म, कम्पनी, बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था बाहेकका विषयगत सहकारी संस्था, घरेलु उद्योग वा लघु उद्यम वा प्रचलित कानून वमोजिम दर्ता भएको व्यवसाय सम्झनु पर्छ।

(थ) "शिक्षित युवा परियोजना कर्जा" भन्नाले कम्तीमा स्नातक तह उतिर्ण गरेका युवक वा युवतीलाई उनिहरुको ज्ञान, अनुभव, रुची तथा सीपसँग सम्वन्धित व्यवसाय सञ्चालन गर्न लघु परियोजनामा प्रवाह हुने कर्जा सम्झनुपर्छ।

## परिच्छेद-२

## कर्जाका प्रकार, सीमा, भुक्तानी अवधि, ब्याजदर सम्बन्धी व्यवस्था

३. **कर्जाका प्रकार र सीमा:** (१) बैङ्क तथा वित्तीय संस्थाले अनुसूची-१ बमोजिमको क्षेत्रमा देहायबमोजिमको सिमा भित्र रही सहुलियतपूर्ण कर्जा प्रवाह गर्न सक्नेछन:-

(क) कृषि तथा पशुपन्छी कर्जा पाँच करोड रूपैयाँसम्म,

(ख)महिला उद्यमशील कर्जा पच्चीस लाख रूपैयाँसम्म,

(ग) वैदेशिक रोजगारबाट फर्केका युवा स्वरोजगार कर्जा बीस लाख रूपैयाँसम्म,

(घ) शिक्षित युवा परियोजना कर्जा बीस लाख रूपैयाँसम्म,

(ङ) दलित समुदाय भगत सर्वजित उद्यम विकास कर्जा बीस लाख रूपैयाँसम्म,

(च) स्टार्ट अप उद्यम कर्जाका लागि पच्चीस लाख रुपैयाँसम्म,

(छ) उद्योगमा बोइलर प्रतिस्थापन कर्जाका लागि अधिकतम पचास लाख रुपैयाँसम्म,

(ज) प्राकृतिक विपद् पीडितको निजी आवास निर्माण कर्जा पाँच लाख रूपैयाँसम्म।

**(झ) जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइते लक्षित स्वरोजगार उद्यम कर्जा पन्ध्र लाख रुपैयाँसम्म।**[1]

(२) उपदफा (१) बमोजिमको सहुलियतपूर्ण कर्जा किस्तावन्दीमा भुक्तानी हुने आवधिक प्रकृतिको हुनेछ।

(२क) साविक सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम प्रवाह गरिएको कर्जा नवीकरण भएको अवस्थामा अनुदान प्रदान सुरु भएको मितिदेखि पाँच वर्षसम्म अनुदान उपलब्ध हुनेछ।[२]

(३) यस दफा बमोजिम एक पटक स्वीकृत भएको सहुलियतपूर्ण कर्जाको सीमा पुनः वृद्धि गर्न पाइने छैन।

(४) यस दफा बमोजिमको सहुलियतपूर्ण कर्जा एकाघर परिवारको एक जना भन्दा बढी सदस्यलाई प्रदान गरिने छैन।

(५) यस दफा वमोजिमको सहुलियतपुर्ण कर्जा संवत् २०८७ साल असार मसान्तसम्म मात्र प्रदान गरिनेछ।

४. **<u>ब्याज अनुदान प्राप्त गर्ने अवधि</u> :** (१) दफा ३ बमोजिमको कर्जामा बढीमा पाँच वर्षसम्म ब्याज अनुदान प्राप्त हुनेछ।

(२) उपदफा (१) वमोजिमको व्याज अनुदान प्रयोजनका लागि सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले कर्जाको प्रकार, रकम, उद्देश्य, व्यवसायको

---

[1] दोस्रो संशोधन कार्यविधि, २०८३ बाट थप भएको।

[२] पहिलो संशोधन कार्यविधि, २०८३ बाट थप भएको।

प्रकृति, प्रतिफलको अवधि र जोखिमको स्तर लगायतका आधारमा ग्रेस अवधि, किस्ता तथा कर्जा भुक्तानी अवधि निर्धारण गर्नुपर्नेछ।

५. **<u>ब्याजदर तथा शर्त:</u>** (१) दफा ३ बमोजिम प्रवाह भएको कर्जामा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले आफ्नो आधार दरमा एक दशमलब पाँच प्रतिशत भन्दा बढी थप नहुने गरी ब्याजदर कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आधार दरमा कर्जामा लाग्ने ब्याज, कर्जा सूचना शुल्क र ऋणीले ब्यहोर्नु पर्ने बीमाशुल्क बाहेक अन्य कुनै पनि प्रकारको थप शुल्क लिन पाइने छैन।

## परिच्छेद-३

## आवश्यक कागजात तथा निर्णय सम्बन्धी व्यवस्था

६. **<u>निवेदन दिनु पर्ने</u>** : दफा ३ बमोजिमको कर्जा लिन चाहने व्यक्तिले देहाय बमोजिमका कागजात संलग्न गरी सम्बन्धित बैङ्क तथा वित्तीय संस्थामा निवेदन दिनु पर्नेछः-

(क) सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको कर्जा आवेदन फाराम,

(ख) प्रचलित कानून बमोजिम दर्ता भएको व्यवसाय दर्ता, स्थायी लेखा नम्बर प्रमाण पत्र र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

तर, प्राकृतिक विपद् पीडितको निजी आवास निर्माण कर्जाको लागि व्यवसाय दर्ता, स्थायी लेखा नम्बर प्रमाणपत्र र करचुक्ता प्रमाणपत्र आवश्यक पर्ने छैन।

(ग) नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,

(घ) उद्यम सञ्चालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,

(ङ) जमानीको हकमा जमानी सम्बन्धी कागजात,

(च) प्राकृतिक विपद् पीडितको निजी आवास निर्माण कर्जाको लागि सङ्घ, प्रदेश, स्थानिय तह वा नेपाल सरकारले तोकेका निकायले प्राकृतिक विपद् प्रभावितको रुपमा सूचीकरण गरेको कागजातको प्रतिलिपि र धितोको हकमा सो सम्बन्धी कागजात,

(छ) दश लाख रुपैयाँ भन्दा बढीको कर्जा माग गर्दा स्थानीय तहमा रहेको व्यवसायसंग सम्बन्धित शाखाको सिफारिस,

(ज) दफा ८ को उपदफा (३) बमोजिमको कुनै सहुलियतपूर्ण कर्जा नलिएको र कुनै देशको स्थायी बसोबासको स्वीकृति प्राप्त नगरेको स्व:घोषणा।

७. **कर्जा निर्णय सम्बन्धी व्यवस्था:** (१) दफा ६ बमोजिम प्राप्त भएको निवेदन उपर सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले पन्ध्र कार्य दिनभित्र निर्णय गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम कर्जा स्वीकृत नहुने निर्णय भएमा तीन कार्य दिनभित्र निवेदकलाई सोको आधार र कारण सहित लिखित जानकारी दिनु पर्नेछ।

## परिच्छेद-४

## कर्जाका लागि योग्यता एवम् शर्त सम्बन्धी व्यवस्था

८. **योग्यता एवम् शर्त**: (१) दफा ३ बमोजिमको कर्जा प्राप्त गर्न देहाय बमोजिमको योग्यता एवम् शर्त पूरा गरेको हुनु पर्नेछ:-

(क) १८ बर्ष उमेर पूरा भएको,

(ख) नेपाली नागरिक,

(ग) कर्जा सूचना केन्द्रको कालो सूचीमा नपरेको,

(घ) दफा २३ अनुसारको कारबाहीको लागि सिफारिसमा नपरेको,

(ङ) स्थायी लेखा नम्बर प्रमाण पत्र लिएको,

(च) प्राकृतिक विपद पिडित निजी आवास निर्माण कर्जा वाहेक अन्य कर्जाको हकमा संस्था वा व्यवसाय दर्ता भएको,

(छ) संस्थाको हकमा शतप्रतिशत स्वामित्व नेपाली नागरिकको रहेको,

(ज) वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जाको हकमा श्रम स्वीकृति प्राप्त गरी कुनै पनि देशमा कम्तीमा छ महिना काम गरी स्वदेश फर्केको,

तर, कुनै पनि देशको स्थायी बसोबासको स्वीकृति प्राप्त व्यक्तिलाई यस्तो कर्जा प्रदान गरिने छैन।

(झ) महिला उद्यमशील कर्जाको हकमा शतप्रतिशत स्वामित्व महिलाको रहेको,

(ञ) सामूहिक जमानीमा कर्जा प्रवाह गर्नु परेमा फरक परिवारका अठार वर्ष उमेर पुगेका कम्तीमा पाँच जना सदस्य रहेको,

(ट) प्राकृतिक विपद् पीडितको निजी आवास निर्माण कर्जाको हकमा नेपाल सरकारको निजी आवास अनुदान बाहेक अरू संस्थागत अनुदान नपाएको र ऋणीको परिवारको नाममा कुनै पनि स्थानमा बस्न योग्य घर नभएको।

**(ठ) नेपाल सरकार वा प्रचलित कानून बमोजिम तोकिएको निकायबाट जेन-जी आन्दोलनका शहीद परिवार वा घाइते भएको प्रमाणित भएको।**

**स्पष्टिकरणः यस खण्डको प्रयोजनको लागि "जेन-जी आन्दोलनका शहीद परिवार" भन्नाले जेन-जी अन्दोलनमा शहीद भएको व्यक्तिको पति, पत्नी, छोरा, छोरी, बाबु वा आमालाई जनाउनेछ।[3]**

(२) उपदफा (१) वमोजिमको योग्य निवेदकलाई कुनै एक प्रकारको सहुलियतपूर्ण कर्जा मात्र उपलब्ध हुनेछ।

(३) प्राकृतिक विपद् पीडितको निजी आवास निर्माण कर्जा बाहेक नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा अन्य निकायबाट प्रदान गरेको जुनसुकै प्रकारको सहुलियतपूर्ण कर्जा लिएका ऋणी वा ऋणीको एकाघर परिवारका सदस्य दफा ३ बमोजिमको कर्जा प्राप्त गर्न योग्य हुने छैनन्।

(४) दफा ३ वमोजिम प्रवाह भएको सहुलियतपूर्ण कर्जा एक बैङ्क तथा वित्तीय संस्थाबाट अर्को बैङ्क तथा वित्तीय संस्थामा परिवर्तन (स्वाप) गरेमा सो मितिदेखि व्याज अनुदान सुविधा स्वतः खारेज हुनेछ।

(५) कार्यविधिको दफा ३ को उपदफा (१) को खण्ड (ज) बमोजिम प्राकृतिक विपद् पीडितको निजी आवास निर्माण कर्जा प्रदान गर्दा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट निजी आवास निर्माण गर्न अनुदान पाएका व्यक्तिलाई सहुलियतपूर्ण कर्जा प्रदान गरिनेछैन।

[3] दोस्रो संशोधन कार्यविधि, २०८३ बाट थप भएको।

(६) उपदफा (५) को प्रयोजनको लागि प्राकृतिक विपद् पीडितको निजी आवास निर्माण कर्जा प्रदान गर्दा बैङ्क तथा वित्तीय संस्थाले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट निजी आवास निर्माण गर्न अनुदान नपाएको सम्बन्धमा ऋणीको स्वःघोषणा लिनुपर्नेछ।[४]

९. **<u>स्टार्ट अप उद्यम सम्वन्धी व्यवस्थाः</u>** (१) दफा ३ वमोजिमको सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने प्रयोजनका लागि देहाय वमोजिमको उद्यमलाई स्टार्ट अप उद्यम मानिनेछः-

(क) उद्यम व्यवसाय दर्ता भई दश वर्ष ननाघेको;

(ख)प्राइभेट फर्म, साझेदारी फर्म, कम्पनी वा सहकारी संस्था उद्योगको रूपमा उद्योग दर्ता गर्ने निकायमा दर्ता भएको;

(ग) उद्यम व्यवसाय स्थापना भएपछिको कुनै पनि आर्थिक वर्षमा वार्षिक कारोबार पन्ध्र करोड रुपैयाँ ननाघेको;

(घ) सञ्चालित उद्यम व्यवसाय नगाभिई वा नटुक्रिई नयाँ उद्यम व्यवसाय गरेको;

(ङ) नवीन एवम् सिर्जनशील सोचलाई उद्यम व्यवसायको रूपमा रूपान्तरण गरी तीव्र वृद्धिको सम्भावना भएको ।

(२) उपदफा (१) बमोजिम कर्जा प्रवाह गर्ने प्रयोजनका लागि देहायका उद्यमलाई स्टार्टअप उद्यम मानिने छैनः -

(क) प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता नभएको,

(ख)वस्तु वा सेवा विदेशबाट आयात गरी बिक्री वितरण गर्ने गरेको,

(ग) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको,

(घ) औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम होल्डिङ्ग तथा लगानी कम्पनीको रुपमा दर्ता भएको ।

## परिच्छेद-५

[४] पहिलो संशोधन कार्यविधि, २०८३ बाट थप भएको।

## धितो, कर्जा सुरक्षण तथा परियोजनाको बीमा सम्बन्धी व्यवस्था

१०. **धितो सम्बन्धी व्यवस्था**: (१) दफा ३ बमोजिम कुनै बैङ्क तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा एकाघर परिवारका सदस्यको व्यक्तिगत वा समूह जमानीमा व्यवसाय परियोजना धितो राखी कर्जा प्रवाह गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम धितो राखी कर्जा प्रवाह गर्दा परियोजनाको सम्भाव्यतालाई मुख्य आधारको रूपमा लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सामूहिक जमानीमा प्रवाह भएको कर्जासँग सम्बन्धित समूहको कुनै सदस्य काबु बाहिरको परिस्थिति उत्पन्न भई समूहमा आबद्ध रहन नसक्ने भएमा निजले आफ्नो हिस्सा बराबरको सावाँ तथा ब्याज स्वयंले चुक्ता गर्ने वा समूहका बाँकी सदस्यले चुक्ता गर्ने प्रतिवद्धताको कागज गरी बैङ्कमा पेश गर्नु पर्नेछ।

११. **कर्जा सुरक्षण**: (१) दफा ३ बमोजिम प्रवाह भएको कर्जाको सुरक्षण कर्जा सुरक्षण सम्वन्धी प्रचलित कानून, नेपाल राष्ट्र बैङ्क वा निक्षेप तथा कर्जा सुरक्षण कोषको निर्देशन वमोजिम सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले गर्नुपर्नेछ।

(२) पन्ध्र लाख रुपैयाँ सम्मको कर्जाको सुरक्षण देहायबमोजिम हुनेछः-

(क) कोषले कर्जा सुरक्षण गराउँदा कर्जाको प्रकार, उद्देश्य, रकम तथा जोखिमको स्तर लगायतका आधारमा संक्षिप्त प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

(ख) खण्ड (क) बमोजिम कर्जा सुरक्षण गर्दा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले पचास प्रतिशत सुरक्षण शुल्क ब्यहोर्नु पर्नेछ र बाँकी पचास प्रतिशत शुल्क नेपाल राष्ट्र बैङ्कमा रहेको अनुदान सोधभर्ना खाता मार्फत निक्षेप तथा कर्जा सुरक्षण कोषलाई भुक्तानी सोधभर्ना गरिनेछ।

(ग) दफा ४ बमोजिमको अवधि समाप्त भएको छ महिनाभित्र ऋणीले कर्जा चुक्ता नगरेमा दफा २५ बमोजिमको कारवाही प्रक्रिया पुरा गरी प्रचलित कानून वमोजिम सम्बन्धित बैंङ्क तथा वित्तीय संस्थाले निक्षेप तथा कर्जा सुरक्षण कोषमा भुक्तानी दावी गर्नु पर्नेछ।

(घ) खण्ड (ग) वमोजिम दावी पेश हुन आएमा कोषले नियमानुसार भुक्तानी गर्नु पर्नेछ।

(३) पन्ध्र लाख भन्दा बढीको कर्जाको कर्जा सुरक्षण शुल्क सम्वन्धित बैङ्क तथा वित्तीय संस्थाले ब्यहोर्नु पर्नेछ।

१२. **<u>व्यवसायको बीमा</u>**: (१) दफा ३ बमोजिमको कर्जासँग सम्बन्धित परियोजना वा व्यवसायको बीमा सो सम्वन्धी प्रचलित कानून वमोजिम सम्बन्धित ऋणीले गर्नु पर्नेछ।

(२) पन्ध्र लाख रुपैयाँ सम्मको कर्जाको बीमा गर्दा लाग्ने बीमा शुल्कको पचास प्रतिशत रकम सम्बन्धित ऋणीले ब्यहोर्नु पर्नेछ र बाँकी पचास प्रतिशत शुल्क नेपाल राष्ट्र बैङ्कमा रहेको अनुदान सोधभर्ना खाताबाट नेपाल बीमा प्राधिकरण मार्फत् सम्बन्धित बीमा कम्पनीलाई सोधभर्ना गरिनेछ।

(३) पन्ध्र लाख भन्दा बढीको कर्जाको हकमा लाग्ने बीमाशुल्क सम्बन्धित ऋणीले ब्यहोर्नु पर्नेछ।

## परिच्छेद-६

## <u>ब्याज, बीमाशुल्क र सुरक्षण शुल्क अनुदानसम्बन्धी शर्त तथा वितरण प्रक्रिया</u>

१३. **<u>अनुदान सुविधा तथा शर्तसम्बन्धी व्यवस्था:</u>** (१) दफा ३ बमोजिम बैङ्क तथा वित्तीय संस्थाले प्रवाह गर्ने कर्जामा लाग्ने ब्याजदरमध्ये तीन प्रतिशत हुने रकम नेपाल सरकारवाट अनुदान स्वरुप प्रदान गरिनेछ।

(२) उपदफा (१) वमोजिमको ब्याज अनुदानको रकम ऋणीले सम्वन्धित वैङ्कलाई तिर्नु वा वुझाउनु पर्ने सम्पुर्ण व्याज रकम, सुरक्षण शुल्क र बीमा प्रिमियम शुल्क भुक्तानी गरेपछि प्रदान गरिनेछ।

(३) दफा ३ बमोजिम लिएको सहुलियतपूर्ण कर्जाको दुरूपयोग गरेको पाइएमा बाँकी अवधिको ब्याज अनुदान सुविधा उपलब्ध गराइने छैन र त्यस्तो ब्याज अनुदान सुविधा लिई सकेको भए ऋणीबाट सम्पूर्ण अनुदान रकम (ब्याजसहित) असूल उपर गरिनेछ।

(४) सहुलियतपूर्ण कर्जाको सदुपयोग भए नभएको अनुगमन गर्ने दायित्व सम्वन्धित बैङ्क तथा वित्तीय संस्थाको हुनेछ।

१४. **<u>अनुदान रकमको वितरण प्रक्रियाः</u>** (१) यस कार्यविधि बमोजिम प्रदान गरिने ब्याज, कर्जा सुरक्षण शुल्क र बीमाशुल्क रकम उपलब्ध गराउने प्रयोजनको लागि मन्त्रालयले नेपाल राष्ट्र बैङ्कबाट सञ्चालन हुने गरी अनुदान सोधभर्ना खाता खोल्नेछ।

(२) उपदफा (१) बमोजिमको खातामा कार्यान्वयन तथा समन्वय समितिको सिफारिश बमोजिम केन्द्रीय निर्देशन समितिको निर्णयको आधारमा मन्त्रालयले रकम उपलब्ध गराउनेछ।

(३) बैङ्क तथा वित्तीय संस्थाले ब्याज अनुदानको रकम प्राप्त गर्न कर्जा उपयोगको आधारमा ऋणीले नियमानुसार भुक्तानी गर्नुपर्ने कर्जा रकम भुक्तानी गरेको र कर्जाको दुरुपयोग नभएको यकिन गरी नेपाल राष्ट्र बैङ्कले तोकेको ढाँचामा त्रैमासिक रुपमा निवेदन दिनु पर्नेछ।

(३क) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणीले परिस्थितिजन्य कारणले कुनै त्रैमासिकमा नियमानुसार भुक्तानी गर्नुपर्ने कर्जा रकम भुक्तानी नगरेको अवस्थामा त्यस्तो कर्जा रकम अर्को त्रैमासिकमा बक्यौता चुक्ता गरी नियमित गरेमा बैङ्क तथा वित्तीय संस्थाले परिस्थितिजन्य कारण र कर्जाको सदुपयोग भएको यकीन गरी सम्पूर्ण अवधिको व्याज अनुदान माग गर्न सक्नेछ।[५]

(४) बीमा कम्पनीले सहुलियतपूर्ण कर्जासँग सम्बन्धित बीमाशुल्क वापतको रकम अनुदानका लागि विवरण सहित मासिक रुपमा नेपाल बीमा प्राधिकरणले तोकेको ढाँचामा निवेदन दिनु पर्नेछ र नेपाल बीमा प्राधिकरणले यसरी प्राप्त निवेदनको आवश्यक छानबिन गरी त्रैमासिक रूपमा नेपाल राष्ट्र बैङ्कमा सोधभर्ना माग गर्नु पर्नेछ।

(५) निक्षेप तथा कर्जा सुरक्षण कोषले कर्जाको सुरक्षण सुनिश्चित गरी सहुलियतपूर्ण कर्जा सुरक्षण शुल्क वापतको रकम अनुदानका लागि विवरण सहित त्रैमासिक रूपमा नेपाल राष्ट्र बैङ्कमा सोधभर्ना माग गर्नुपर्नेछ।

---

[५] पहिलो संशोधन कार्यविधि, २०८३ बाट थप भएको।

(६) उपदफा (३), (४) र (५) बमोजिम सोधभर्ना माग भएमा नेपाल राष्ट्र बैङ्कले सम्वन्धित निकायको खाता मार्फत सोधभर्ना दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम प्राप्त रकम सम्बन्धित निकायले माग अनुरूपको बैङ्क खाता मार्फत सोधभर्ना दिनु पर्नेछ।

## परिच्छेद-७

## कर्जा प्रवाह तथा ब्याज अनुदान वितरणसँग सम्बन्धित निकायको काम र कर्तव्य

१५. **बैङ्क तथा वित्तीय संस्थाको काम र कर्तव्य**ः यस कार्यविधिमा अन्यत्र उल्लिखित काम र कर्तव्यका अतिरिक्त बैङ्क तथा वित्तीय संस्थाको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) कर्जाको प्रकार, उद्देश्य, माग रकम, जोखिमको स्तर, सुरक्षण, बीमा लगायत परियोजनाको सम्भाव्यता तथा कर्जाको सदुपयोगको सुनिश्चितता हुने आधारमा कर्जा प्रवाह गर्ने,

(ख) नेपाल राष्ट्र बैङ्कले तोकेको ढाँचामा ऋणीले अनुदान पाउने ब्याज रकम सोधभर्ना माग गर्ने,

(ग) नेपाल राष्ट्र बैङ्कले तोकेको ढाँचामा कर्जाको मासिक विवरण महिना समाप्त भएको ७ दिनभित्र नेपाल राष्ट्र बैङ्कलाई उपलब्ध गराउने,

(घ) नेपाल बीमा प्राधिकरणले निर्धारण गरे बमोजिमका कागजात उपलब्ध गराउने,

(ङ) कम्तिमा बर्षको दुई पटक कर्जा सदुपयोग भए नभएको सम्वन्धमा निरीक्षण गरी सो को प्रतिवेदन नेपाल राष्ट्र बैङ्कमा पन्ध्र कार्य दिनभित्र पठाउने,

(च) कर्जाको सदुपयोग सम्बन्धमा कार्ययोजना बनाई आन्तरिक लेखापरीक्षण मार्फत् जोखिमका आधार अनुगमन गरी सोको प्रतिवेदन तयार गर्ने।

१६. **बीमा कम्पनीको काम र कर्तव्यः** यस कार्यविधिमा अन्यत्र उल्लिखित काम र कर्तव्यका अतिरिक्त बीमा कम्पनीको काम र कर्तव्य देहाबमोजिम हुनेछः-

(क) पन्ध्र लाख रुपैयाँ सम्मको कर्जाको बीमाको लागि निवेदन प्राप्त भएमा व्यवसायको प्रकृति, कर्जाको प्रकार, उद्देश्य, रकम तथा जोखिमको स्तर

लगायतका आधारमा संक्षिप्त प्रक्रिया अवलम्बन गरी ऋणीसँग पचास प्रतिशत मात्र बीमाशुल्क लिई बीमा गर्ने,

(ख) नेपाल सरकारले उपलब्ध गराउने पचास प्रतिशत बीमाशुल्क वापतको रकम अनुदानस्वरुप प्राप्त गर्नका लागि नेपाल बीमा प्राधिकरणमा विवरण सहित सोधभर्ना माग गर्ने,

(ग) बीमा अन्तर्गत दावी पर्न आएमा संक्षिप्त प्रक्रिया अवलम्बन गरी सम्बन्धित बैंङ्क तथा वित्तीय संस्था मार्फत् ऋणीलाइ क्षतिपूर्ति उपलब्ध गराउने।

१७. **निक्षेप तथा कर्जा सुरक्षण कोषको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिमा अन्यत्र उल्लिखित काम र कर्तव्यका अतिरिक्त निक्षेप तथा कर्जा सुरक्षण कोषको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) पन्ध्र लाख रुपैयाँ सम्मको कर्जाको सुरक्षणका लागि निवेदन प्राप्त भएमा कर्जाको प्रकार, उद्देश्य, रकम तथा जोखिमको स्तर लगायतका आधारमा संक्षिप्त प्रक्रिया अवलम्बन गरी सम्बन्धित बैङ्क तथा वित्तीय संस्थासँग पचास प्रतिशत मात्र सुरक्षण शुल्क लिई सुरक्षण गर्ने,

(ख) नेपाल सरकारले उपलब्ध गराउने पचास प्रतिशत सुरक्षण शुल्क वापतको रकम अनुदान स्वरुप प्राप्त गर्न नेपाल राष्ट्र बैङ्कसँग सोधभर्ना माग गर्ने,

(ग) ऋणीले कर्जा चुक्ता नगरेको भनी सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट कोषमा दाबी हुन आएमा नियमानुसार भुक्तानी गर्ने,

(घ) कर्जाको सुरक्षण शुल्क तथा सुरक्षण दावी भुक्तानीको अद्यावधिक अभिलेख राखी सोको विवरण अर्धवार्षिक रूपमा नेपाल राष्ट्र बैंङ्कमा पठाउने।

१८. **नेपाल बीमा प्राधिकरणको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिमा अन्यत्र उल्लिखित काम र कर्तव्यका अतिरिक्त नेपाल बीमा प्राधिकरणको काम र कर्तव्य देहायबमोजिम हुनेछः-

(क) नेपाल राष्ट्र बैङ्कवाट अनुदान सोधभर्ना वापत प्राप्त हुने रकम सम्बन्धित बीमा कम्पनीलाई सोधभर्ना उपलब्ध गराउने,

(ख) बीमा कम्पनीलाई सोधभर्ना उपलब्ध गराइएको सोधभर्ना रकमको त्रैमासिक विवरण नेपाल राष्ट्र बैंकलाई उपलब्ध गराउने,

(ग) बीमा कम्पनीको आवश्यक नियमन, अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने।

१९. **<u>नेपाल राष्ट्र बैङ्कको काम र कर्तव्यः</u>** यस कार्यविधिमा अन्यत्र उल्लिखित काम र कर्तव्यका अतिरिक्त नेपाल राष्ट्र बैङ्कको काम र कर्तब्य देहायबमोजिम हुनेछ:-

(क) कर्जामा प्रदान गरिने अनुदान रकम सोधभर्नाको लागि माग भई आएमा नियमानुसार सोधभर्ना रकम उपलब्ध गराउने,

(ख) क्षेत्रगत वा विषयगत कर्जा प्रवाह तथा ब्याज अनुदान र कर्जा सुरक्षण प्रिमियम वितरणको विवरण मन्त्रालयलाई त्रैमासिक रूपमा उपलब्ध गराउने,

(ग) क्षेत्रगत वा विषयगत कर्जा प्रवाहको मासिक विवरण वेवसाइटमा प्रकाशन गर्ने,

(घ) कर्जा रकमको जोखिमका आधारमा निरीक्षण तथा सुपरिवेक्षण गरी कर्जाको दुरुपयोग नहुने पद्धति सुनिश्चित गर्ने,

(ङ) स्वचालितरुपमा कर्जाको अभिलेख राख्ने प्रणालीको विकास गर्ने,

(च) प्रत्येक तीन महिनामा सोधभर्ना वापतको रकम मन्त्रालयसँग निकासा माग गर्ने।

२०. **<u>सहुलियतपूर्ण कर्जा प्राप्त गर्ने ऋणीको कर्तव्यः</u>** दफा ३ बमोजिम सहुलियतपूर्ण कर्जा प्राप्त गर्ने ऋणीको कर्तव्य देहाय बमोजिम हुनेछ:-

(क) स्वीकृत परियोजनाको उद्देश्य अनुरूप ऋणको सदुपयोग हुनेगरी ऋण रकमको परिचालन गर्ने,

(ख) आफ्नो व्यवसायिक स्थलमा सबैले देख्ने गरी "नेपाल सरकारको सहुलियतपूर्ण कर्जाबाट सञ्चालित व्यवसाय" लेखी सहुलियतपूर्ण कर्जा सूचना पाटी राख्ने,

(ग) निर्धारित समयमा साँवा र ब्याजको किस्ता वापतको रकम सम्बन्धित बैङ्क तथा वित्तीय संस्थामा बुझाउने,

(घ) कर्जा दुरुपयोग भएको प्रमाणित भएमा ब्याज अनुदान, बीमाशुल्क र कर्जा सुरक्षण शुल्क वापत प्राप्त गरेको सम्पूर्ण अनुदान रकम फिर्ता गर्ने।

## परिच्छेद-८

## संस्थागत व्यवस्था

२१. **केन्द्रीय निर्देशन समितिः** (१) यस कार्यविधिको कार्यान्वयन गर्ने सम्बन्धमा सहजीकरण, समन्वय एवम् अनुगमन गर्न मन्त्रालयमा देहाय बमोजिम एक केन्द्रीय निर्देशन समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) अध्यक्ष, नेपाल बीमा प्राधिकरण -सदस्य

(ग) डेपुटी गभर्नर (सम्वन्धित विभाग हेर्ने) -सदस्य

(घ) प्रमुख कार्यकारी अधिकृत, निक्षेप तथा कर्जा सुरक्षण कोष -सदस्य

(ङ) सह सचिव, मन्त्रालय (सम्वन्धित क्षेत्र हेर्ने महाशाखा) -सदस्य सचिव

(२) समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञलाई आमन्त्रित गर्न सक्नेछ।

(३) समितिको बैठक आवश्यकतानुसार बस्नेछ र आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

२२. **केन्द्रीय निर्देशन समितिको काम र कर्तव्यः** केन्द्रीय निर्देशन समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछः-

(क) यस कार्यविधिको कार्यान्वयनका सम्बन्धमा अन्तर निकायबीच समन्वय गर्ने,

(ख) यस कार्यविधि कार्यान्वयन गर्दा देखापरेका बाधा अड्काउ फुकाउने र कार्यान्वयन समितिलाई निर्देशन दिने,

(ग) यस कार्यविधिमा भएका व्यवस्थाहरु परिमार्जन, हेरफेर वा खारेज गर्नु परेमा मन्त्रालय समक्ष सिफारिस गर्ने,

(घ) कार्यान्वयन तथा समन्वय समितिको निर्णय र सो बमोजिम प्राप्त सिफारिसका आधारमा यस कार्यविधि बमोजिम प्रदान हुने अनुदान रकम उपलब्ध गराउन मन्त्रालयलाई सिफारिस गर्ने,

(ङ) यस कार्यविधिको कार्यान्वयन तथा कर्जाको सदुपयोग भए नभएको सम्वन्धमा अवस्थाको अनुगमन गर्ने वा गराउने।

२३. **<u>कार्यान्वयन समिति</u>**ः (१) यस कार्यविधिको कार्यान्वयन गर्न देहाय बमोजिमको कार्यान्वयन तथा समन्वय समिति रहनेछः-

(क) डेपुटी गभर्नर, नेपाल राष्ट्र बैङ्क (सम्वन्धित क्षेत्र हेर्ने) -संयोजक

(ख) कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैङ्क(सम्वन्धित क्षेत्र हेर्ने)-सदस्य

(ग) सह-सचिव, मन्त्रालय (सम्वन्धित क्षेत्र हेर्ने महाशाखा)-सदस्य

(घ) प्रमुख कार्यकारी अधिकृत, निक्षेप तथा कर्जा सुरक्षण कोष-सदस्य

(ङ) कार्यकारी निर्देशक, नेपाल बीमा प्राधिकरण -सदस्य

(च) अध्यक्ष, नेपाल बैङ्कर्स एशोसिएसन -सदस्य

(छ) निर्देशक, नेपाल राष्ट्र बैङ्क
(बैङ्क तथा वित्तीय संस्था नियमन विभाग) -सदस्य सचिव

(२) समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई आमन्त्रित गर्न सक्नेछ।

(३) समितिको बैठक आवश्यकतानुसार बस्नेछ र आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

(४) समितिको सचिवालय नेपाल राष्ट्र बैङ्क, बैङ्क तथा वित्तीय संस्था नियमन विभागमा रहनेछ र सचिवालयले समितिले तोकेका कार्यहरू गर्नेछ।

२४. **<u>कार्यान्वयन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार</u>**ः कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) यस कार्यविधिको कार्यान्वयन गर्ने गराउने,

(ख) कर्जा प्रवाह गर्ने सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको आवश्यकता अनुसार निरीक्षण गर्ने गराउने,

(ग) यस कार्यविधि बमोजिम प्रवाह भएको कर्जाको प्रभावकारिताका सम्बन्धमा वार्षिक रुपमा अध्ययन गरी गराई केन्द्रीय निर्देशन समितिमा प्रतिवेदन पेस गर्ने,

(घ) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा बाधा अडकाउ फुकाउन केन्द्रीय निर्देशन समिति समक्ष सिफारिस गर्ने,

(ङ) यस कार्यविधिमा भएका व्यवस्थाहरूमा परिमार्जन, हेरफेर वा खारेज गर्नु परेमा पुनरावलोकनका लागि केन्द्रीय निर्देशन समिति समक्ष सिफारिस गर्ने,

(च) यस कार्यविधि बमोजिम प्रवाह भएको कर्जाको ब्याज, विमा प्रिमियम र कर्जा सुरक्षण वापतको अनुदान रकम उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्णय गरी त्रैमासिक रुपमा केन्द्रीय निर्देशन समिति समक्ष रकम निकासाका लागि सिफारिस गर्ने,

(छ) केन्द्रीय निर्देशन समितिले दिएका निर्देशन कार्यान्वयन गर्ने, गराउने

(ज) कर्जा सम्वन्धमा प्राप्त गुनासोको सुनुवाई गर्ने,

(झ) यस कार्यविधिसँग सम्वन्धित कार्यको त्रैमासिक रूपमा प्रतिवेदन तयार गरी वेवसाईट प्रकाशन गर्ने,

(ञ) कर्जा सँग सम्वन्धित अन्य कार्य गर्ने, गराउने।

## परिच्छेद-११

## विविध

२५. **सिफारीस गर्नु पर्नेः** ऋणीले यस कार्यविधि बमोजिम लिएको कर्जा चुक्ता नगरेमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले प्रचलित कानून वमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछन।

२६. **कर्जा वर्गीकरण तथा जोखिमसम्बन्धी अन्य व्यवस्थाः** (१) दफा ३ वमोजिमको सहुलियतपुर्ण कर्जाको वर्गीकरण नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थालाई जारी गरेको एकीकृत निर्देशन बमोजिम हुनेछ।

(२) यस कार्यविधि बमोजिम प्रवाह हुने कर्जालाई नेपाल राष्ट्र बैङ्कबाट विपन्न वर्ग कर्जा अन्तर्गत गणना गर्ने व्यवस्था मिलाइनेछ।

(३) नेपाल सरकारबाट पाउनुपर्ने ब्याज अनुदान वापतको यस्तो रकमलाई पुँजी कोष अनुपात गणना प्रयोजनका लागि सरकार माथिको दावी सरह शून्य प्रतिशत जोखिम भार प्रदान गर्न सक्नेछ।

२७. **विवरण पठाउनु पर्ने:** बैंक तथा वित्तीय संस्थाहरुले यस कार्यविधि बमोजिम प्रवाह गरेको कर्जाको विवरण नेपाल राष्ट्र बैङ्कमा त्रैमासिक रुपमा उपलब्ध गराउनु पर्नेछ।

२८. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित व्यवस्था बमोजिम हुनेछ।

२९. **फाराम तथा ढाँचा सम्बन्धी व्यवस्था:** यस कार्यविधि बमोजिम सहुलियतपूर्ण कर्जा तथा ब्याज अनुदान प्रदान गर्दा प्रयोग हुने फाराम तथा ढाँचा नेपाल राष्ट्र बैङ्कले तोके बमोजिम हुनेछ।

३०. **कर्जाको लागि योग्य नहुने:** (१) आपसी सम्बन्ध भएको ऋणीको समूहभित्रको कुनै एक व्यक्ति, फर्म, संस्था वा कम्पनीले सहुलियतपूर्ण कर्जा (प्राकृतिक विपद् पीडितको निजी आवास निर्माण कर्जा बाहेक) लिए पश्चात समूहभित्रको अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनी सहुलियतपूर्ण कर्जाका लागि योग्य हुने छैन।

३१. **संशोधन तथा हेरफेरः** (१) मन्त्रालयले यस कार्यविधिमा आवश्यकतानुसार संशोधन एवम् हेरफेर गर्न सक्नेछ।

३२. **खारेजी तथा बचाऊः** (१) सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धि एकीकृत कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

(३) सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम प्रवाह भएका कर्जाहरुको हकमा सोही कार्यविधि

बमोजिम कर्जा, व्याज अनुदान, कर्जा सुरक्षण तथा बीमाका सेवा तथा शर्त बमोजिम अनुदान प्रदान गरिनेछ।[६]

[६] पहिलो संशोधन कार्यविधि, २०८३ बाट थप भएको।

## अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**सहुलियतपूर्ण कर्जाको क्षेत्र**

(क) **कृषि तथा पशुपन्छी कर्जाः**

(१) बीउ बिजन उत्पादन, प्रशोधन,

(२) औद्योगिक वाली तथा नगदे वाली उत्पादन,

(३) अर्गानिक कृषि उत्पादन,

(४) तरकारी उत्पादन, प्रशोधन,

(५) च्याउ उत्पादन, प्रशोधन,

(६) खाद्यान्न वाली, कोशे वाली उत्पादन,

(७) उखु, कफी, चिया, अलैंची, अदुवा, बेसार, जैतुन, सूर्यमुखी, अल्लो, लोक्ता खेती तथा यिनीहरुको प्रशोधन,

(८) धान, गहुँ, मकै, जौ, फापर, सिलामको उत्पादन, प्रशोधन,

(९) चैतेधान खेती हुने क्षेत्रमा मिल सञ्चालन गरेको व्यवसायीलाई ड्राइङ गर्ने व्यवसाय सञ्चालन,

(१०) वनजन्य व्यवसाय, पुष्प व्यवसाय तथा वागवानी,

(११) फलफूल उत्पादन, उत्पादित फलफूलको प्रशोधन,

(१२) पशुपन्छीपालन,

(१३) दुग्ध उत्पादन,

(१४) मत्स्यपालन,

(१५) मौरी पालन व्यवसाय,

(१६) जडिवुटी उत्पादन, प्रशोधन,

(१७) प्राङ्गारिक तथा जैविक मल उत्पादन,

(१८) कपास, ऊन, रेसम खेती/उत्पादन, प्रशोधन,

(१९) भेडा, च्याङ्ग्रा र चौरी लगायतबाट ऊनको उत्पादन, प्रशोधन,

(२०) कृषि चुन उद्योग,

(२१) वागवानी नर्सरी स्थापना तथा विकास, टिस्यू कल्चर प्रविधिबाट बीउ तथा विरुवा उत्पादन गर्ने व्यवसाय,

(२२) हाई-टेक ग्रीन हाउस स्थापना र ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन,

(२३) व्यावसायिक घाँस खेती उत्पादन, घाँसबाट हे तथा साइलेज उत्पादन व्यवसाय,

(२४) सुपारी पात र अन्य पातजन्य उत्पादन, प्रशोधन,

(२५) कृषि औजार, उपकरण वा संयन्त्रको उत्पादन,

(२६) नेपाल सरकारले समय समयमा थप गरेका अन्य कृषि तथा पशुपन्छीजन्य व्यवसायहरू,

**(ख) वैदेशिक रोजगारीबाट फर्केका युवा स्वरोजगार कर्जा, शिक्षित युवा परियोजना कर्जा र महिला उद्यमशील कर्जाः**

(१) खण्ड (क) बमोजिम कृषि उत्पादन, प्रशोधन तथा पशुपंक्षीपालन

(२) उद्योग व्यवसाय:

हाते एवम् खुट्टे तान, अर्धस्वचालित तान, वार्पिङ्ग, रङ्गाइ, छपाइ, सिलाइ, बुनाइ, राडी, पाखी, ऊनी गलैंचा, पश्मिना, ऊनी पोशाक, सिकर्मी कार्य, काठबाट कलात्मक वस्तु निर्माण गर्ने कार्य, बेत, बाँस र निगालोका सामान तयार गर्ने कार्य, प्राकृतिक रेशाबाट विभिन्न वस्तुहरुको निर्माण कार्य, हाते कागज उत्पादन, सुन, चाँदी, तामा, पित्तल, फलाम जस्ता धातुहरुको कार्य, चुरा पोते जस्ता श्रृङ्गारका सामग्री बनाउने कार्य, गहना एवम् मुर्ति बनाउने कार्य, मह, च्यूरी, अलैंची एवम् चिया प्रशोधन कार्य, सेरामिक्स एवम् कुमालेको पेशागत कार्य, छाला सम्बन्धी पेशागत कार्य र ट्यानिङ्ग छाला, हाड, सिङ्ग तथा ढुङ्गाबाट तयार हुने वस्तुहरुको उत्पादन, चित्रकला, कागजबाट बनेका सामान, धुप, पुतली, खेलौना, जुत्ता चप्पल उत्पादन र

प्रचलित औद्योगिक व्यवसाय ऐनले परम्परागत घरेलु उद्योग भनी परिभाषा गरेका सम्पूर्ण उद्योगहरु।

(ग) **दलित समुदाय भगत सर्वजित उद्यम विकास कर्जाः**

नेपाल सरकारले दलित समुदायलाई सामूहिक जमानीमा उपलब्ध गराउने सहुलियतपूर्ण कर्जाका लागि योग्य व्यवसायहरूः

(१) परम्परागत बजाउने बाजा निर्माण तथा खरिद गर्न,

(२) सिलाइ कटाइ, सिलाइ कटाइ तालिम सञ्चालन, सिलाइ मेशिन खरिद गर्न,

(३) परम्परागत आय आर्जनका पेशाहरु,

(४) फलाम, कोइला आदि वस्तु खरिद बिक्री गर्न, आरन बनाउन चाहिने सामाग्री खरिद तथा निर्माण गर्न, आरनको लागि यन्त्रशाला निर्माण गर्न,

(५) जुत्ता बनाउनको लागि चाहिने कच्चा पदार्थ, प्रशोधित छाला, जुत्ता, चप्पल, ब्याग आदि बनाउन कच्चा पदार्थ खरिद एवम् प्रशोधन र उत्पादित वस्तुहरु बिक्री गर्न,

(६) परम्परागत सुन चाँदीका गहना एवम् भाँडाकुँडा बनाउने पसल तथा सोसँग सम्बन्धित कालीगढी सेवा,

(७) सरसफाइ पेशाको लागि चाहिने सामानहरु खरिद गर्न,

(८) आफ्नो पुख्यौंली पेशालाई निरन्तरता दिनको लागि चाहिने कच्चा पदार्थ खरिद गर्न, वस्तु तथा सेवा बिक्री गर्न, ब्यवसायको लागि सामूहिक यन्त्रशाला निर्माण गर्न,

(९) नेपाल सरकारले समय समयमा तोकेका अन्य पेशाहरु।

(घ) **स्टार्ट अप उद्यम कर्जा**

(१) उत्पादनमूलक उद्यम;

(२) पर्यटन प्रवर्धन तथा मनोरञ्जन र अतिथि सत्कारसँग सम्बन्धित उद्यम;

(३) विज्ञान, प्रविधि, सञ्चार तथा सूचना प्रविधिमा आधारित उच्चम;

(४) मानव स्वास्थ्य सेवासँग सम्बन्धित उद्यम;

(५) शिक्षा तथा शिक्षण सिकाइसँग सम्वन्धित उद्यम;

(६) सहज र सुरक्षित यातायात तथा पारवहन सेवासँग सम्बन्धित उद्यम;

(७) पूर्वाधार निर्माण कार्यसँग सम्बन्धित उद्यम;

(८) विद्युतीय सवारी साधन तथा अटोमोबाइलसँग सम्बन्धित उद्यम;

(९) परम्परागत तथा ग्रामीण प्रविधिसँग सम्बन्धित उद्यम;

(१०) स्थानीय स्रोत तथा साधनमा आधारित उद्यम;

(११) सार्वजनिक सेवा प्रवाह, उत्पादन तथा सेवा प्रक्रियामा सुधारसँग सम्बन्धित उद्यम;

(१२) खानी तथा खनिजको अनुसन्धान र विकाससँग सम्बन्धित उद्यम;

(१३) घरायसी वा दैनिक जीवनयापनलाई सरल, सहज, सुरक्षित बनाउन सहयोग पुग्ने प्रकृतिका कार्यसँग सम्बन्धित उद्यम;

(१४) वस्तु वा सेवाको वितरण प्रणालीसँग सम्बन्धित उद्यम;

(१५) परम्परागत पेसा तथा उद्यमको पुनर्जागरणसँग सम्बन्धित उद्यम;

(१६) खाद्य प्रविधि तथा पोषणसँग सम्बन्धित उद्यम,

(१७) फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित उद्यम ।

(ङ) **उद्योगमा बोइलर प्रतिस्थापन कर्जाः**

प्रमुख शहरमा रहेका उद्योगको परम्परागत बोइलर प्रणालीलाई वातावरणमैत्री प्रविधिमा आधारित प्रणालीमा प्रतिस्थापनका लागि उद्योग विभागको सिफारिशको आधारमा प्रदान गरिने।

(च) **प्राकृतिक विपद् पीडितको निजी आवास निर्माण कर्जा**ः

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट स्वीकृत मापदण्ड बमोजिम प्रदान गरिने।

(छ) <u>जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइतेका लागि कर्जा</u> : जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइतेले स्वरोजगार हुन सञ्चालन गर्ने देहायका उद्योग तथा व्यवसायका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन सकिनेछ :-

(१) कृषि तथा पशुपन्छी व्यवसाय
(२) घरेलु तथा साना उद्योग
(३) सेवा व्यवसाय
(४) सूचना प्रविधिमा आधारित व्यवसाय
(५) पर्यटन व्यवसाय
(६) उत्पादनमूलक उद्योग
(७) स्टार्टअप उद्यम
(८) नेपाल सरकारले समय समयमा तोकेका अन्य उत्पादनमूलक तथा रोजगारमूलक व्यवसाय।[7]

[7] दोस्रो संशोधन कार्यविधि, २०८३ बाट थप भएको।